# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार ८ गते २०५५ साल (संख्या १०

## भाग ३

श्री ५ को सरकार

### महिला तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बाल कल्याण अधिकारी नियुक्त नहुन्जेलसम्मको लागि नेपाल अधिराज्यका पचहत्तर जिल्लाहरूमा तत्-तत् जिल्लाका जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई बाल कल्याण अधिकारी तोकेको छ।

आज्ञाले,
रामेश्वर शाह
श्री ५ को सरकारको का. मु. सचिव

८७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

नेपाल न्याय सेवा, न्याय समूह पुनरावेदन अदालत, जनकपुरका शाखा अधिकृत (रा.प.तृतीय श्रेणी) श्री फणिन्द्रराज पोखरेलले घरायशी कारण दर्शाई उक्त पदबाट दिनु भएको राजीनामा श्री ५ को सरकारको मिति २०५५।२।६ को निर्णयानुसार मिति २०५५।२।१ देखि लागू हुने गरी स्वीकृत गरिएको छ।

आज्ञाले,
विश्वमंगल आत्रेय
उप-सचिव

८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।